**सत्यवती गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**जोहाङ्ग, गुल्मी**
**प्रदेश नं. ५**

# ढुङ्गा गिट्टी, ग्राभेल, रोडा ,बालुवा आदि प्राकृतिक स्रोतहरुको निकासी कर असुली गर्ने सम्बन्धी बोलपत्र आह्वानको सार्वजनिक सूचना

**प्रथम पटक प्रकाशित मितिः- २०७६/०४/१३**

यस सत्यवती गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयबाट आ.व.२०७६/७७ का लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा (२) (घ) को (६) बमोजिम यस गाउँपालिकाबाट निकासी हुने नदीजन्य बस्तुहरुमा निकासी शुल्क/ दस्तुर संकलन गर्न ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले प्रचलित कानून बमोजिम दर्ता भई प्रमाणपत्र लिएका योग्य फर्म/कम्पनीले यो सूचना प्रकाशित भएको मितिले १५ औ दिनभित्र यस कार्यालयको संचित खाता नं.१४७००००५२०१ वा कार्यालयमा नगदै जम्मा गरी दरभाउ पत्र/फारम खरिद गरी कबुल गरेको ठेक्का रकम स्पष्ट बुझिने गरी अङ्क र अक्षरमा खुलाई आफै वा आफ्नो प्रतिनिधिमार्फत १६ औं दिनको १२:०० बजे सम्म सिलबन्दी दरभाउपत्र यस कार्यालयमा दाखिला गर्नु पर्नेछ । दर्ता हुन आएका दरभाउपत्रहरु दिनको १:०० बजे यस कार्यालयमा खोलिने छ । दरभाउपत्र दाखिला गर्ने अन्तिम दिन तथा खोल्ने दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट तोकिएकै समयमा खोलिनेछ । दरभाउपत्रको साथमा ठेक्का कबुल अङ्कको कम्तिमा ५% ले हुन आउने रकम यस कार्यालयको धरौटी खाता १४७००००००५१०१ जम्मा गरको सक्कल भौचर वा नेपाल राष्ट्रबाट मान्यता प्राप्त बाणिज्य बैङ्क (१२०) एक सय बीस दिन म्याद भएको विडवण्डको सक्कल प्रति संलग्न राख्नुपर्नेछ । थप जानकारी एवम् शर्तहरु कार्यालयको वेबसाइटमा समेत प्रकाशित गरिनेछ । दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा रद्द गर्ने लागयतका ठेक्का सम्बन्धी निर्णय गर्ने सम्पूर्ण अधिकार यस गाउँपालिका सँग सुरक्षित रहने छ ।

| ठेक्का नं. | मालबस्तुको विवरण | न्यूनतम ठेक्का अङ्क (मू.अ.कर बाहेक) | टेण्डर फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|
| ०१/०७६/७७ | सत्यवती गाउँपालिका वडा नं. १ मा पर्ने वडिगाड खोला तथा काली गण्डकी नदीको वगर क्षेत्र | रु.९,३६,१०३।- | रु.१०००।- | |
| ०२/०७६/७७ | सत्यवती गाउँपालिका वडा नं.२ मा पर्ने कालीगण्डकी नदीको बगर क्षेत्र | रु.९,१३,२४९।- | रु.१०००।- | |
| ०३/०७६/७७ | सत्यवती गाउँपालिका वडा नं.६ मा पर्ने वडीगाड खोलाको क्षेत्र | रु.६,५०,६४८।- | रु.१०००।- | |

**प्रमुख प्रशासकीय अधिकृत**